बागमती प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः- २०७९/०८०
चलानी नम्बरः-

मितिः- २०८०/०२/१९

विषयः सूचना सम्बन्धमा ।

श्री सबै सरकारी, निजी, सहकारी तथा सामुदायिक अस्पतालहरु
बागमती प्रदेश, नेपाल।

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ६३६, मिति २०८०/०२/१७ को सोही व्यहोराको ताकेताको परिपत्रमा उल्लेख भए बमोजिम तथा प्रचलित मापदण्ड बमोजिम अस्पतालहरुमा उपचारको लागि आउने विपन्न, असहाय, वेवारिसे विरामीको लागि कूल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा गराउनुपर्नेछ र उपलब्ध सेवाहरुको विवरण तथा लाग्ने शुल्क समेत खुलाएको नागरिक वडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिनेगरी राख्नुपर्नेछ भनी उल्लेख भएका व्यवस्थाहरुको पालना गर्नुपर्नेछ।

जनस्वास्थ्य सेवा नियमावलीको दफा १२ को उपदफा (२) बमोजिम बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय र मातहतका निकायहरुबाट विभिन्न मितिमा सञ्चालन अनुमति लिएका तथा नविकरण गरिएका स्वास्थ्य संस्थाहरुबाट प्रचलित कानून र मापदण्डमा भएका निःशुल्क उपचार लगायत सम्पूर्ण व्यवस्थाहरु सम्बन्धित स्वास्थ्य संस्थाहरुले पूर्णरुपमा कार्यान्वयन गर्नु गराउनुहुन यस मन्त्रालय(माननीय मन्त्रीस्तर)को मिति २०८०/०२/१९ गतेको निर्णयानुसार जानकारीका लागि अनुरोध छ।

२०८०/०२/१९

डा. रबिन भुषाल
सूचना अधिकारी